# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४५) काठमाडौं, फागुन २८ गते २०५२ साल (संख्या ४७


## भाग ३

### श्री ५ को सरकार

### स्थानीय विकास मन्त्रालयको सूचना

श्री ५ को सरकारले जिल्ला विकास समिति ऐन, २०४८ को दफा २६ को खण्ड (ज) ले दिएको अधिकार प्रयोग गरी जिल्ला विकास समितिले आफ्नो क्षेत्र-बाट पुनः प्रयोग हुन सक्ने देहायबमोजिमका वस्तु तथा सामानहरूको निकासीमा शुल्क, वस्तुर लिन पाउने गरी तोकेको छ ।

१. निकासी हुने वस्तु तथा सामानहरूः–

(क) खाली सिसी
(ख) पुराना कागज
(ग) प्लास्टिक
(घ) फलामको टुक्रा
(ङ) जूटका खाली बोरा
(च) झिन्डु (ऊनका टुक्रा)
(छ) पुराना तामा, पित्तल, आल्मुनियम, सिलेभर
(ज) पुरानो बेट्री
(झ) पुरानो कुचो
(ञ) सिसाको धूलो
(ट) परालबाट बनेको पुरानो सामान वा पराल
(ठ) खाली टिन (सानु ठूलो)
(ड) कपडाको टुक्रा (गारनेण्ट)
(ढ) पुरानो ड्रम

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ण) पुरानो बोरा र बोराको टुक्रा
(थ) कार्पेटको टुक्रा
(ध) पुराना टायर, ट्यूब
(प) पुराना पोलिथिन
(ब) कानूनले निषेध गरेका बाहेक कुखुरा हाँस आदिका प्वाँखहरू
(त) जलेको पुरानो मोबिल
(द) मेसिनका थोत्रा औजार
(न) राँहरू
(फ) पुराना छाला र पुराना छालाका टुक्राहरू
(भ) कागजका क्षुरा ।

२. उपरोक्त बमोजिमका निकासी हुने वस्तु तथा सामानहरूमा एउटा जिल्ला विकास समितिले शुल्क, दस्तुर उठाएपछि सोही वस्तु तथा सामानहरूमा अर्को जिल्ला विकास समितिले पुनः त्यस्तो शुल्क दस्तुर उठाउन पाउने छैन ।

३. उपरोक्त बमोजिमका निकासी हुने वस्तु तथा सामानहरूमा काठमाण्डौ उपत्यकामा काठमाण्डौ, ललितपुर र भक्तपुर जिल्ला विकास समितिले संयुक्त रूपमा शुल्क दस्तुर लगाउने र त्यसबाट उठेको कुल रकमको पच्चीस प्रतिशत रकम फोहोरमैला प्रबन्ध तथा स्रोत परिचालन केन्द्रलाई उपलब्ध गराउनु पर्नेछ ।

आज्ञाले,
विश्वराज रेग्मी
श्री ५ को सरकारको का.मु. सचिव

श्री ५ को सरकार

## भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारले जग्गा (नाप-जांच) ऐन, २०१९ को दफा ११ ख. ले दिएको अधिकार प्रयोग गरी काठमाडौं महानगरपालिका क्षेत्रका जग्गा पुनः नाप-जाँच हुँदा वडा नं. ५, ६, ८ र ११ मा नाप नक्सा पूरा भै स्रेस्तापूर्जा तयार भएको तर जग्गा धनी प्रमाणपूर्जा वितरण गर्न बाँकी रहेका जग्गाहरूको सम्बन्धमा देहाय-बमोजिमको काम गर्न एक समिति गठन गरी सो समितिको काम, कर्तव्य, अधिकार र कार्यविधि देहायबमोजिम तोकेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

क. समितिको गठनः–

१. प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालय, काठमाडौं – अध्यक्ष

२. काठमाडौं महानगरपालिकामा प्रतिनिधित्व गर्ने सम्बन्धित वडाबाट निर्वाचित सदस्य– सदस्य

३. काठमाडौं जिल्लाको सम्बन्धित मालपोत कार्यालयको प्रमुख मालपोत अधिकृत– ,,

४. प्रमुख जिल्ला वन अधिकृत, जिल्ला वन कार्यालय, काठमाडौं– ,,

५. प्रमुख नापी अधिकृत, नापी गोश्वारा कार्यालय, काठमाडौं– सदस्य-सचिव

ख. समितिको काम, कर्तव्य र अधिकारः–

१. काठमाडौं जिल्लामा पुनः नाप-जाँच हुँदा ३ नं. नापी गोश्वाराबाट जग्गा (नाप-जाँच) ऐन, २०१९ तथा जग्गा (नाप–जाँच) नियमावली, २०३२ को विपरीत भएको कामकारवाही सम्बन्धमा जाँचबुझ गरी सुधार गर्न आवश्यक निर्णय गर्ने ।

२. सरकारी वा सार्वजनिक जग्गा छानबिन एवं संरक्षणसम्बन्धी उच्चस्तरीय आयोगको प्रतिवेदन, २०५२ बमोजिम काठमाडौं जिल्लामा पुनः नाप-जाँच हुँदा भिचिन गएको वन सीमाना, सरकारी, सार्वजनिक तथा गुठी जग्गाको सम्बन्धमा सोही प्रतिवेदनलाई मुख्य आधार मानी छानबिन गरी आवश्यक सुधार गर्ने ।

३. जग्गा (नाप-जाँच) ऐन, २०१९ को दफा ११ ख. को प्रयोजनको लागि जग्गा (नाप-जाँच ) ऐन, २०१९, जग्गा (नाप-जाँच) नियमावली, २०३२, स्थानीय प्रशासन ऐन, २०२८, मालपोत ऐन, २०३४, मालपोत नियमावली, २०३६ तथा वन ऐन, २०४९ मा उल्लेखित अधिकारहरू समेत प्रयोग गरी आवश्यक निर्णय गर्ने ।

तर समितिलाई भएका अधिकारहरू समितिका अन्य कुनै पनि पदाधिकारीलाई सुम्पन सकिने छैन ।

ग. समितिको कार्यावधि :–

खण्ड ४५, मिति २०५२।१०।२९ संख्या ४३ को नेपाल राजपत्र भाग ३ मा प्रकाशित सूचना अनुसारको ६ नं. नापी गोश्वारा काठमाडौं जिल्लामा कार्यरत रहेसम्म समितिको कार्यावधि रहनेछ ।

आज्ञाले,
विष्णुप्रसाद खत्री
श्री ५ को सरकारको का. मु. सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

295

## श्री ५ को सरकार

## वन तथा भू-संरक्षण मन्त्रालयको सूचना

### मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२

राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरु बनाएको छ ।

*परिच्छेद –१*

प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ: (१) यी नियमहरुको नाम "मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली,–२०५२" रहेको छ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस नियमावलीमा,

(क) "ऐन" भन्नाले राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ सम्झनु पर्छ ।

(ख) "मन्त्रालय" भन्नाले श्री ५ को सरकार, वन तथा भू-संरक्षण मन्त्रालय सम्झनु पर्छ।

(ग) "विभाग" भन्नाले श्री ५ को सरकारको राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग सम्झनु पर्छ ।

(घ) "महा–निर्देशक" भन्नाले विभागको महा–निर्देशक सम्झनु पर्छ ।

(ङ) "उपभोक्ता" भन्नाले वन पैदावारको उपयोग गर्न र स्थानीय जनताको सामुदायिक विकासको लागि संचालन गरिने आयोजनाबाट प्रत्यक्ष लाभ पाउने मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने सबै व्यक्ति सम्झनु पर्छ ।

(च) "उपभोक्ता समिति" भन्नाले नियम ८ बमोजिम गठन गरिएको उपभोक्ता समिति सम्झनु पर्छ ।

(छ) "मध्यवर्ती सामुदायिक वन" भन्नाले नियम २१ बमोजिम उपभोक्ता समितिलाई सुम्पिएको मध्यवर्ती सामुदायिक वन सम्झनु पर्छ ।

(ज) "मध्यवर्ती धार्मिक वन" भन्नाले नियम २२ बमोजिम धार्मिक निकाय, समूह वा समुदायलाई सुम्पिएको मध्यवर्ती धार्मिक वन सम्झनु पर्छ ।

(झ) "मध्यवर्ती निजी वन" भन्नाले नियम २३ बमोजिम मध्यवर्ती क्षेत्र भित्रको आफ्नो हक भोगको जग्गामा लगाईएको मध्यवर्ती निजी वन सम्झनु पर्छ ।

(ञ) "मध्यवर्ती क्षेत्र वन" भन्नाले ऐनको दफा ३ क.बमोजिम तोकिएको मध्यवर्ती क्षेत्र भित्रको मध्यवर्ती सामुदायिक वन, मध्यवर्ती धार्मिक वन र मध्यवर्ती निजी वन बाहेकका नियम २५ बमोजिमको वन सम्झनु पर्छ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## परिच्छेद – २
## मध्यवर्ती क्षेत्रको सीमांकन

३. मध्यवर्ती क्षेत्र तोक्ने: ऐनको दफा ३ क बमोजिम श्री ५ को सरकारले राष्ट्रिय निकुन्ज वा आरक्ष वरिपरीको क्षेत्रलाई चार किल्ला खोली मध्यवर्ती क्षेत्र तोक्दा प्राकृतिक सीमानालाई मुख्य आधार बनाउनुका साथै देहायका कुराहरुमा समेत विचार पु–याउनु पर्नेछ:–

(क) राष्ट्रिय निकुन्ज तथा आरक्षबाट प्रभावित हुन सक्ने क्षेत्र,
(ख) राष्ट्रिय निकुन्ज तथा आरक्षको भौगोलिक अवस्थिति,
(ग) राष्ट्रिय निकुन्ज तथा आरक्ष क्षेत्र भित्र पर्ने गाउं तथा बस्तीहरुको अवस्थिति,
(घ) मध्यवर्ती क्षेत्रको व्यवस्थापनको दृष्टिकोणले सरल र व्यवहारिक हुन सक्ने क्षेत्र ।

४. मध्यवर्ती क्षेत्रको इकाई विभाजन: (१) संरक्षकले मध्यवर्ती क्षेत्रको समुचित व्यवस्थापनको लागि उक्त क्षेत्रलाई विभिन्न इकाईहरुमा विभाजन गर्न सक्नेछ ।

(२) उप–नियम (१) बमोजिम मध्यवर्ती क्षेत्रलाई इकाईहरुमा विभाजन गर्दा मध्यवर्ती क्षेत्रको स्वरुप, विस्तार र उपभोक्ताहरुको बसोबास क्षेत्रलाई समेत आधार मानी स्थानीय निकाय तथा उपभोक्ताहरुसंग समन्वय राखी गर्नु पर्नेछ ।

## परिच्छेद –३
## मध्यवर्ती क्षेत्रको व्यवस्थापन

५. व्यवस्थापन कार्य योजना तयार गर्ने : (१) मध्यवर्ती क्षेत्रको सामुदायिक विकास, वातावरणको संरक्षण र सो क्षेत्रको वन पैदावारको सन्तुलित उपयोगका लागि संरक्षकले मध्यवर्ती क्षेत्र व्यवस्थापन कार्य योजना तयार गरी विभाग समक्ष पेश गर्नु पर्नेछ ।

(२) उप–नियम (१) बमोजिमको कार्य योजनामा देहायका कुराहरु समावेश गर्नु पर्नेछ:–

(क) जंगल, झाडी, बुट्यान, घांसे जग्गाले ओगटेको तथा खाली पर्ति रहेको क्षेत्रको विवरण,
(ख) वन सीमाहरुको अवस्थिति,
(ग) पर्ति र आवादी जग्गाको विवरण,
(घ) नदी नाला तथा अन्य जलश्रोत समेत देखिने गरी तयार गरिएको नक्सा,
(ङ) जनसंख्या, जनघनत्व तथा वन क्षेत्र र वन पैदावारको उपयोग सम्बन्धी विवरण,
(च) मध्यवर्ती क्षेत्र भित्रको सामुदायिक, धार्मिक र निजी वनको रुपमा सुम्पन्न सकिने वन क्षेत्रको विवरण,
(छ) वन विकासको लागि अपनाईने कार्य योजना,
(ज) समुदायको विकासको लागि अपनाईने कार्य योजना,
(झ) कार्य योजना लागू गर्नको लागि आवश्यक पर्ने जनशक्ति तथा आर्थिक स्रोत,
(ञ) भू–संरक्षण, पर्यटन विकास, वातावरण र ऐतिहासिक सम्पदाको संरक्षण सम्बन्धी कार्यक्रम,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ट) वन पैदावारको संकलन र उपयोग सम्वन्धी वार्षिक विवरण,
(ठ) स्थानीय जनतालाई आवश्यक पर्ने वन पैदावारको विवरण,
(ड) भू–उपयोगिता प्रणाली लागू गर्नु पर्ने क्षेत्रको विवरण,
(ढ) मध्यवर्ती क्षेत्रको व्यवस्थापनको लागि आवश्यक अन्य विवरणहरु ।

(३) उप–नियम (१) बमोजिम पेश भएको व्यवस्थापन कार्ययोजनामा कुनै थपघट गर्नु पर्ने भए सो गरी महानिर्देशकले स्वीकृतिको लागि मन्त्रालय समक्ष पेश गर्नुपर्नेछ ।

(४) उप–नियम (३) बमोजिम पेश हुन आएको व्यवस्थापन कार्य योजनालाई मंत्रालयले स्वीकृति दिन सक्नेछ ।

(५) उप–नियम (४) बमोजिम स्वीकृति प्राप्त व्यवस्थापन कार्य योजनाको कार्यान्वयन गर्ने जिम्मेवारी सम्बन्धित संरक्षकको हुनेछ ।

६. व्यवस्थापन कार्ययोजनामा संशोधन: (१) संरक्षकले व्यवस्थापन कार्ययोजनामा कुनै संशोधन गर्नु पर्ने देखेमा आफ्नो राय सहितको प्रतिवेदन विभागमा पठाउन सक्नेछ ।

(२) उप–नियम (१) बमोजिम प्राप्त प्रतिवेदनबाट व्यवस्थापन कार्ययोजनामा संशोधन गर्नु उपयुक्त हुने देखिएमा विभागले आफ्नो राय सहितको प्रतिवेदन मन्त्रालयमा पठाउनु पर्नेछ ।

७. मध्यवर्ती क्षेत्रमा संरक्षण: मध्यवर्ती क्षेत्रका देहायका कुराहरुको संरक्षण गर्ने गराउने जिम्मेवारी संरक्षकको हुनेछ:–

(क) वन्यजन्तु,
(ख) प्राकृतिक वातावरण तथा प्राकृतिक स्रोत,
(ग) जैविक विविधता (बायोडाईभरसिटी),
(घ) वन जंगल,
(ङ) विकास निर्माण कार्यहरु ।

*परिच्छेद–४*
उपभोक्ता समिति

८. उपभोक्ता समितिको गठन: (१) संरक्षकले नियम ४ बमोजिम विभाजन गरेको इकाईहरुमा नियम ७ मा उल्लिखित कुराहरुको संरक्षण तथा सामुदायिक विकास र वन पैदावारको सन्तुलित उपयोगको कार्यमा सघाउ पु–याउन स्थानीय निकायसंग समन्वय राखी आवश्यकता अनुसार उपभोक्ता समितिहरुको गठन गर्न सक्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप–नियम (१) बमोजिमको उपभोक्ता समितिमा उपभोक्ताहरुले आफूहरु मध्येबाट छानेका एकजना अध्यक्ष, एक जना उपाध्यक्ष, एकजना सचिव, एकजना कोषाध्यक्ष र कम्तीमा पांच जना सदस्यहरु रहनेछन् ।

(३) उपभोक्ता समितिका पदाधिकारीहरुको छनौट प्रकृया उपभोक्ताहरु आफैले निर्धारण गर्नेछन् ।

(४) उपभोक्ता समितिका पदाधिकारीहरुको पदावधि पांच वर्षको हुनेछ ।

९. उपभोक्ता समितिको दर्ता: (१) नियम ८ बमोजिम उपभोक्ता समितिको गठन भएपछि सो उपभोक्ता समिति दर्ता गर्नको लागि संरक्षक समक्ष अनुसूची १ बमोजिमको ढांचामा निवेदन दिनु पर्नेछ ।

(२) उप–नियम (१) बमोजिम निवेदन पर्न आएमा संरक्षकले आवश्यक जांचबुझ गरी उपभोक्ता समितिलाई दर्ता गरी अनुसूची २ बमोजिमको ढांचामा दर्ताको प्रमाण पत्र दिनु पर्नेछ ।

१०. उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार: : उपभोक्ता समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :–

(क) आफ्नो क्षेत्रको स्वीकृत कार्ययोजनाले निर्दिष्ट गरेका कार्यहरु गर्ने, गराउने,
(ख) आफूले जिम्मा लिएको आयोजना व्यवस्थित ढंगबाट कार्यान्वयन गर्ने,
(ग) आफूले जिम्मा लिएको आयोजनाको संचालन र सम्भारको व्यवस्था मिलाउने,
(घ) आयोजना सम्पन्न गर्न लाग्ने जनसहभागिता र श्रमको परिचालन गर्ने,
(ङ) उपभोक्ताहरुको बैठक बोलाई आम्दानी खर्चको विवरण र वार्षिक कार्यक्रम सो बैठकमा पेश गरी स्वीकृत गराउने,
(च) सम्बन्धित निकायबाट माग भएका आर्थिक एवं अन्य विवरण उपलब्ध गराउने,
(छ) उपभोक्ताहरुबाट मर्मत सम्भार शुल्क असूल गरी मर्मत सम्भारको व्यवस्था मिलाउने,
(ज) प्रत्येक वर्ष स्थानीय जनतालाई दैनिक उपभोगका लागि आवश्यक पर्ने वन पैदावारको किसिम, परिमाण, उपभोग गर्ने क्षेत्र, तरिका, समय र दस्तूर तोक्ने,
(झ) चरिचरण गर्न पाउने क्षेत्र, जनावरको किसिम, संख्या र चरिचरण दस्तूर तोक्ने,
(ञ) आफ्नो क्षेत्र भित्र बसाई सरी आउने र आफ्नो क्षेत्रबाट बसाई सरी जाने उपभोक्ताहरुको लगत अद्यावधिक बनाउने,
(ट) कुनै विकास आयोजना हस्तान्तरण गरिएमा त्यसको जिम्मेवारी लिने,
(ठ) आफ्नो कार्यविधि नियमित गर्न आवश्यक पर्ने निर्देशिका तयार गरी स्वीकृतिको लागि संरक्षक समक्ष पेश गर्ने,
(ड) आफ्नो क्षेत्रमा वृक्षारोपण गर्ने, गराउने,
(ढ) बाढी, पहिरो तथा भू–क्षय नियन्त्रण गर्न कार्यक्रमहरु संचालन गर्ने,
(ण) उपभोक्ता समितिको कोषको संचालन गर्ने,
(त) अन्य आवश्यक कार्यहरु गर्ने, गराउने ।

११. उप–समितिहरु गठन गर्न सक्ने: (१) उपभोक्ता समितिले आफ्नो क्षेत्रमा नियम १० बमोजिमका कार्यहरु सुचारु रुपले संचालन गर्न गराउन आवश्यकतानुसार उप–समितिहरु गठन गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

222

(२) उप–नियम (१) बमोजिमका उप–समितिहरुको गठन विधि, काम, कर्तव्य र अधिकार उपभोक्ता समितिले तोके बमोजिम हुनेछ ।

१२. <u>उपभोक्ता समितिको बैठक र निर्णय:</u> (१) उपभोक्ता समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) उपभोक्ता समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) उपभोक्ता समितिको बैठकको अध्यक्षता उपभोक्ता समितिको अध्यक्षले र निजको अनुपस्थितिमा उपभोक्ता समितिको उपाध्यक्षले गर्नेछ । अध्यक्ष र उपाध्यक्ष दुवैको अनुपस्थितिमा बैठकमा उपस्थित उपभोक्ता समितिका सदस्यहरुले आफू मध्येबाट छानेको व्यक्तिले बैठकको अध्यक्षता गर्नेछ ।

(४) बैठकको गणपुरक संख्या जम्मा सदस्य संख्याको पचास प्रतिशत हुनेछ ।

(५) बैठकको निर्णय सामान्य बहुमतबाट हुनेछ ।

(६) बैठकको निर्णय उपभोक्ता समितिको सचिवले प्रमाणित गर्नेछ ।

(७) उपभोक्ता समितिको बैठक सम्बन्धी अन्य कार्यविधि उपभोक्ता समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

१३. <u>उपभोक्ता समितिको कार्य योजना:</u> (१) उपभोक्ता समितिले मध्यवर्ती क्षेत्र भित्रको आफ्नो क्षेत्रमा गरिने सामुदायिक विकास, प्राकृतिक स्रोतको संरक्षण र वन पैदावारको उपयोग सम्बन्धी कार्यको लागि कार्ययोजना तयार गरी उपभोक्ताहरुको बैठकबाट पारित गराउनु पर्नेछ ।

(२) उप–नियम (१) बमोजिमको कार्ययोजना तयार गर्दा संरक्षकले उपभोक्ता समितिलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(३) उप–नियम (१) बमोजिमको कार्ययोजनामा देहायका कुराहरु समावेश हुनुपर्नेछ:–

(क) सम्बन्धित उपभोक्ता समितिको नाम,
(ख) सम्बन्धित उपभोक्ता समिति रहेको ईकाईको सिमाना,
(ग) वन, वन्यजन्तु तथा वातावरण संरक्षणको लागि अपनाईने व्यवस्थापन सम्बन्धी तरिका,
(घ) वन पैदावारको संकलन गर्ने तरिका,
(ङ) वन क्षेत्रमा चरिचरण गर्ने स्थान र तरिका,
(च) विरुवा कांटछांट गर्ने, पातलो पार्ने, सफा गर्ने र अन्य वन वर्धन उपचारहरुको तरिका,
(छ) वृक्षारोपण र वन सुधार सम्वन्धी तरिका,
(ज) वन पैदावारको वितरण, प्रवन्ध र विक्री वितरण गर्ने तरिका,


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(झ) भूमि व्यवस्थापनको लागि अपनाइने नीति तथा तरिका,
(ञ) अन्य आवश्यक कुराहरु ।

(४) उप–नियम (१) बमोजिम उपभोक्ताहरुको बैठकबाट पारित कार्ययोजना संलग्न गरी उपभोक्ता समितिले स्वीकृतिको लागि संरक्षक समक्ष पेश गर्नु पर्नेछ ।

(५) उप–नियम (४) बमोजिम स्वीकृतिको लागि पेश भएको कार्ययोजना उपर संरक्षकले आवश्यक जांचबुझ गरी सो कार्ययोजनामा कुनै कुरा थपघट गर्नु पर्ने भएमा सो समेत गरी कार्ययोजना स्वीकृत गरी सो को जानकारी सम्बन्धित उपभोक्ता समितिलाई दिनु पर्नेछ ।

१४. उपभोक्ता समितिको विघटन: (१) संरक्षकले देहायको अवस्थामा उपभोक्ता समितिलाई विघटन गर्न सक्नेछ:–

(क) स्वीकृत कार्ययोजना विपरित काम गरेमा,
(ख) नियम १० बमोजिम आफ्नो काम, कर्तव्य पूरा गर्न नसकेमा,
(ग) नियम १७ बमोजिम निषेधित कार्य गरेमा ।

(२) उप–नियम (१) बमोजिम उपभोक्ता समिति विघटन गर्नु भन्दा पूर्व संरक्षकले उक्त उपभोक्ता समितिलाई कारवाही गर्नु पर्ने कारण सहितको विवरण खोली पन्ध्र दिनको म्याद दिई स्पष्टीकरण माग गर्नु पर्नेछ ।

(३) उप–नियम (२) बमोजिम माग गरिएको स्पष्टीकरण सन्तोषजनक नभएमा संरक्षकले आफैं वा आफ्नो मातहतका प्राविधिक कर्मचारी खटाई स्थलगत निरीक्षण गर्न सक्नेछ ।

(४) उप–नियम (३) बमोजिम स्थलगत निरीक्षण गरी प्राप्त भएको प्रतिवेदनको आधारमा संरक्षकले आवश्यक ठानेमा त्यस्तो उपभोक्ता समितिलाई विघटन गर्न सक्नेछ ।

(५) सम्बन्धित उपभोक्ता समितिका दुई तिहाई सदस्यहरुले सो उपभोक्ता समिति विघटन गर्न लिखित अनुरोध गरेमा संरक्षकले उपभोक्ता समिति विघटन गर्न सक्नेछ ।

(६) उप–नियम (४) वा (५) बमोजिम उपभोक्ता समिति विघटन गरिएकोमा त्यसमा चित्त नबुझ्ने उपभोक्ता समितिका पदाधिकारीले उपभोक्ता समिति विघटन भएको सूचना पाएको मितिले पैंतीस दिनभित्र महा–निर्देशक समक्ष उजूरी दिन सक्नेछ । महा–निर्देशकले यस सम्बन्धमा दिएको निर्णय अन्तिम हुनेछ ।

(७) उप–नियम (६) बमोजिम उजूरी परेकोमा संरक्षकले उपभोक्ता समिति विघटन गरेको निर्णय सदर गरेमा वा उजूरी नपरेकोमा सो उजूरी दिने म्याद भुक्तान भएपछि संरक्षकले पुन: अर्को उपभोक्ता समिति गठन गराई कार्य संचालन गराउनु पर्नेछ ।

(८) उपभोक्ता समिति विघटन भई उप–नियम (६) बमोजिम उजूरी परेकोमा सो को अन्तिम निर्णय नभएसम्म वा उजूरी नपरेकोमा उप–नियम (७) बमोजिम अर्को उपभोक्ता समिति गठन नभएसम्मको लागि संरक्षक वा निजले खटाएको कर्मचारीले सो क्षेत्रको व्यवस्थापन गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(९) विघटित उपभोक्ता समितिको सम्पत्ति र दायित्व उप–नियम (७) बमोजिमको उपभोक्ता समितिमा सर्नेछ ।

१५. उपभोक्ता समितिको कोष: (१) उपभोक्ता समितिको एउटा छुट्टै कोष हुनेछ ।

(२) उप नियम (१) वमोजिमको कोषमा देहायका रकमहरु रहनेछन्:–

(क) मध्यवर्ती क्षेत्र सामुदायिक वन कार्य योजनाले निर्दिष्ट गरेका वन पैदावार विक्री वितरणवाट प्राप्त आम्दानी,
(ख) ऐनको दफा २५ क. वमोजिम प्राप्त रकम,
(ग) नियम ३५ वमोजिम शिकार खेल्ने अनुमति दिए वापत प्राप्त हुने रकम,
(घ) दातृ संस्था वा व्यक्तिवाट प्राप्त चन्दा वा आर्थिक सहयोग आदि,
(ङ) विविध ।

(३) उपभोक्ता समितिले वैंकमा खाता खोली कोषको सन्चालन गर्नु पर्नेछ ।

तर बैकिंङ सुविधा नभएको क्षेत्रमा रु. १०,०००।– सम्म समितिले तोकेको व्यक्तिले राख्न सक्नेछ ।

(४) कोषको सन्चालन उपभोक्ता समितिले तोकेको उपभोक्ता समितिका दुई जना पदाधिकारीहरुको संयुक्त दस्तखतवाट हुनेछ।

(५) उपभोक्ता समितिको तर्फवाट गर्नु पर्ने खर्चहरु, उपभोक्ता समितिको कोषवाट व्यहोरिनेछ।

(६) उपभोक्ता समितिलाई जुन कार्यक्रम वा कामको लागि रकम प्राप्त भएको छ सो रकम सोही कार्यक्रम वा काममा खर्च गर्नुपर्नेछ ।

(७) उपभोक्ता समितिले निर्माण कार्य गर्दा गराउंदा मन्त्रालयले समय समयमा तोकेको वन, वनस्पति, वन्यजन्तु तथा भू–संरक्षण सम्वन्धी विकास निर्माण कार्यक्रमको लागि दर विश्लेषण सम्वन्धी सिद्धान्त (नर्मस) मा तोकेको दरमा नवढ्ने गरी गर्नु गराउनु पर्नेछ ।

१६. उपभोक्ता समितिको लेखापरीक्षण: (१) उपभोक्ता समितिको प्रत्येक आर्थिक वर्षको लेखापरीक्षण सम्वन्धित संरक्षकले खटाएको व्यक्तिले गर्नेछ ।

(२) उप–नियम (१) वमोजिम लेखापरीक्षण गर्न आउने व्यक्तिले माग गरेको श्रेस्ता कागजात तथा हिसाव किताबको अभिलेख उपभोक्ता समितिले पेश गर्नु पर्नेछ ।

(३) लेखापरीक्षणवाट उपभोक्ता समितिको पदाधिकारीले आर्थिक दुरुपयोग गरेको पाईएमा संरक्षकले सो रकम निजवाट सरकारी बांकी सरह असूल उपर गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

*परिच्छेद–५*

मध्यवर्ती क्षेत्र भित्र निषेधित कार्यहरु

१७. मध्यवर्ती क्षेत्र भित्र निषेधित कार्यहरु: संरक्षकको लिखित अनुमति नलिई कुनैपनि व्यक्तिले मध्यवर्ती क्षेत्र भित्र देहायका कामहरु गर्न पाउने छैन । त्यस्तो कुनै काम गरेमा कसूर गरेको मानिनेछ ।

(क) आफ्नो हक नपुग्ने कुनै भू–भाग नियन्त्रण गर्न वा रुख काट्न, वन फाड्न वा वन क्षेत्र आवाद गर्न,

(ख) वन पैदावार नास हुने कुनै काम गर्न वा वनमा आगो लगाउन,

(ग) वातावरणमा उल्लेखनीय प्रतिकूल असर पर्न सक्ने गरी ढुंगा, माटो, वालुवा वा खानी खन्न वा कुनै खनिज पदार्थ माटो वा अन्य यस्तै पदार्थ हटाउन,

(घ) मध्यवर्ती क्षेत्र भित्र बग्ने नदी, खोला वा पानीको स्रोतमा कुनै हानिकारक विषादी वा विष्फोटक पदार्थहरु प्रयोग गर्न,

(ङ) अनधिकृत रुपमा शिकार खेल्न र वन्यजन्तुलाई क्षति पु–याउन ।

१८. काम कारवाही रोक्न वा सुधार गर्न आदेश दिन सक्ने : (१) मध्यवर्ती क्षेत्र भित्र वा बाहिरबाट भईरहेका वा हुन लागेको कुनै काम कारवाहीबाट मध्यवर्ती क्षेत्रको भू–उपयोग, जनस्वास्थ्य, प्राकृतिक वातावरण तथा प्राकृतिक श्रोतको संरक्षणमा प्रतिकूल असर परेमा वा पर्ने संभावना भएमा संरक्षकले सम्बन्धित उपभोक्ता समितिको सिफारिशमा सम्वन्धित व्यक्ति वा संस्थालाई तत्काल त्यस्तो काम कारवाही रोक्न वा त्यसमा सुधार गर्न आदेश दिन सक्नेछ ।

(२) उप–नियम (१) बमोजिमको आदेशमा के कति कारणले त्यस्तो काम कारवाहीलाई निषेध गर्नु परेको हो वा त्यस्तो काम कारवाहीमा के कस्तो सुधार गर्नु पर्ने हो सो कुराको विवरण स्पष्ट रुपले खुलाएको हुनु पर्नेछ ।

(३) उप नियम (१) बमोजिम संरक्षकले दिएको आदेश उपर चित्त नबुझ्ने व्यक्ति वा संस्थाले त्यस्तो आदेशको सूचना पाएको मितिले पैंतीस दिन भित्र विभाग समक्ष निवेदन दिन सक्नेछ । त्यस्तो निवेदनमा विभागले गरेको निर्णय अन्तिम हुनेछ ।

१९. क्षति पु–याउन नहुने: कसैले पनि मध्यवर्ती क्षेत्र भित्रको सार्वजनिक बाटो, पूल, तारबार, चिन्हपट, संकेत वा अन्य कुनै सार्वजनिक चिज वस्तुलाई कुनै प्रकारको क्षति पु–याउनु हुँदैन ।

२०. सहमति लिनु पर्ने: (१) मध्यवर्ती क्षेत्रमा घरेलु उद्योग बाहेकका अन्य उद्योगहरु संचालन गर्न पाउने गरी उद्योग दर्ता गर्नु वा इजाजत पत्र प्रदान गर्नु भन्दा पूर्व सो कार्य गर्न पाउने अधिकारीले विभागको लिखित सहमति प्राप्त गरेर मात्र त्यस्तो उद्योग दर्ता गर्न वा संचालन गर्ने इजाजत पत्र प्रदान गर्नु पर्नेछ ।

(२) उप–नियम (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि वन पैदावारमा आधारित घरेलु उद्योग दर्ता गर्न वा इजाजत पत्र प्रदान गर्नु भन्दा पूर्व सो कार्य गर्न पाउने अधिकारीले विभागको सहमति प्राप्त गरेर मात्र त्यस्तो उद्योग दर्ता गर्न वा संचालन गर्ने इजाजत पत्र प्रदान गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) विभागले उप–नियम (१) बमोजिम उद्योग खोल्न सहमति दिने सम्बन्धमा निश्चित मापदण्डहरु तयार गर्नु पर्नेछ ।

(४) यो नियमावली प्रारम्भ हुनु भन्दा अघि मध्यवर्ती क्षेत्रमा संचालन भै रहेको घरेलु उद्योग बाहेकको अन्य उद्योग र वन पैदावारमा आधारित घरेलु उद्योगले पनि ऐनको दफा ३ क. बमोजिम मध्यवर्ती क्षेत्र तोकिएको मितिले एक वर्ष भित्र उप–नियम (३) बमोजिम विभागले तयार गरेको मापदण्डको अधिनमा रही त्यस्तो उद्योग संचालन गर्नु पर्नेछ ।

## *परिच्छेद–६*
## वन विकास सम्बन्धी व्यवस्था

२१. मध्यवर्ती सामुदायिक वनको रुपमा सुम्पन सकिने: (१) नियम ४ बमोजिम मध्यवर्ती क्षेत्रको व्यवस्थापनको लागि मध्यवर्ती सामुदायिक वनको रुपमा सुम्पन्न निर्धारण गरेको क्षेत्रमा मध्यवर्ती सामुदायिक वनको रुपमा कुनै वन क्षेत्र लिन चाहने उपभोक्ता समितिले अनुसूची–३ बमोजिमको ढांचामा संरक्षक समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उप–नियम (१) बमोजिमको निवेदन पर्न आएमा संरक्षकले उपभोक्ता समितिलाई कार्ययोजना तयार गर्न आवश्यक प्राविधिक एवं अन्य सहयोग उपलब्ध गराउनु पर्नेछ ।

(३) उप–नियम (१) बमोजिम पर्न आएको निवेदन र उपभोक्ता समितिले स्वीकृतिको लागि पेश गरेको कार्ययोजना उपर संरक्षकले आवश्यक जांचबुझ गरी निवेदनमा उल्लेखित वन क्षेत्र पूरै वा आंशिक रुपमा अनुसूची–४ बमोजिमको प्रमाणपत्र सहित सम्बन्धित उपभोक्ता समितिलाई सुम्पन्न सक्नेछ ।

(४) उपभोक्ता समितिले संरक्षकद्वारा स्वीकृत भईसकेको कार्ययोजनामा आवश्यक परेमा संशोधन गर्ने प्रस्ताव पेश गर्न सक्नेछ । त्यस्तो प्रस्तावलाई संरक्षकले सोही बमोजिम वा थपघट गरी स्वीकृति दिन सक्नेछ।

(५) एउटै वन क्षेत्र दुई वा सो भन्दा बढी उपभोक्ता समितिका उपभोक्ताहरुले मध्यवर्ती सामुदायिक वनको रुपमा माग गरेमा संरक्षकले सम्बन्धित उपभोक्ताहरुसंग समन्वय गरी सहमतिको आधारमा सो वन क्षेत्र सुम्पन सक्नेछ ।

(६) उप–नियम (३) बमोजिम मध्यवर्ती सामुदायिक वन जिम्मा लिने उपभोक्ताहरुको उपभोक्ता समितिले कार्ययोजना बमोजिम कार्य नगरेमा उपभोक्ता समितिलाई बढीमा १५ दिनको म्याद दिई स्पष्टीकरण माग गर्नु पर्नेछ ।

(७) उपभोक्ता समितिले पेश गरेको स्पष्टीकरण सन्तोषजनक नभएमा वा स्थलगत प्रतिवेदनबाट मध्यवर्ती सामुदायिक वन फिर्ता लिनु मनासिब देखिएमा संरक्षकले सो वन फिर्ता लिई त्यसको व्यवस्थापन संरक्षक आफैले गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(८) उप–नियम (७) बमोजिम मध्यवर्ती सामुदायिक वन फिर्ता लिने गरी गरिएको निर्णय उपर चित्त नबुझ्ने उपभोक्ता समितिले त्यस्तो निर्णयको सूचना पाएको पैंतीस दिन भित्र महा–निर्देशक समक्ष उजूरी दिन सक्नेछ । यस्तोमा महा–निर्देशकले दिएको निर्णय अन्तिम हुनेछ ।

(९) उप–नियम (८) बमोजिम उजूरी परेकोमा सो को अन्तिम निर्णय नभएसम्म सो वनको व्यवस्थापन संरक्षक आफैले गर्नेछ ।

(१०) उपभोक्ता समिति आफैले विरुवा लगाई हुर्काएको वन पैदावारको उपयोग कार्ययोजना बमोजिमको मात्रा र परिमाणमा नबढ्ने गरी सम्बन्धित उपभोक्ता समितिले तोकेको दस्तूर तिरी उक्त मध्यवर्ती सामुदायिक वनका उपभोक्ताहरुले उपयोग गर्न पाउने छन् ।

(११) उपभोक्ता समितिले मध्यवर्ती सामुदायिक वनको रुपमा कुनै वन क्षेत्र संरक्षण गरी प्राप्त हुन आएको वन पैदावारको उपयोग कार्ययोजना बमोजिमको मात्रा र परिमाणमा नबढ्ने गरी उपभोक्ता समितिले तोकेको दस्तूर लिई उक्त मध्यवर्ती सामुदायिक वनका उपभोक्ताहरुले उपयोग गर्न पाउने छन् ।

(१२) उप–नियम (१०) र (११) बमोजिम प्राप्त गरेको काठ, दाउरा बाहेकका अन्य वन पैदावार उपभोक्ताहरुले मध्यवर्ती क्षेत्र भन्दा बाहिरको क्षेत्रमा ओसार पसार गर्न पाउने छन् । त्यसरी ओसार पसार गर्नु अघि उपभोक्ताहरुले संरक्षकबाट अनुमति प्राप्त गर्नु पर्नेछ ।

२२. <u>मध्यवर्ती धार्मिक वनको रुपमा सुम्पन सकिने:</u> (१) मध्यवर्ती क्षेत्र भित्रका परापूर्वकालदेखि रहेको कुनै धार्मिकस्थल वा त्यसको वरिपरिको वन क्षेत्रको विकास, संरक्षण र उपयोग गर्न चाहने कुनै धार्मिक निकाय, समूह वा समुदायले त्यस्तो वनको क्षेत्रफल, चार किल्ला र त्यस्तो वनमा गरिने कार्यहरुको विवरण खुलाई अनुसूची – ५ बमोजिमको ढांचामा संरक्षक समक्ष निवेदन दिनु पर्नेछ ।

(२) उप–नियम (१) बमोजिमको निवेदन पर्न आएमा संरक्षकले आवश्यक जाचबुझ गरी निवेदकले माग गरे बमोजिम वा त्यसमा आवश्यक थपघट गरी मध्यवर्ती धार्मिक वनको रुपमा त्यस्तो धार्मिक निकाय, समूह वा समुदायलाई अनुसूची – ६ बमोजिमको प्रमाण पत्र सहित सुम्पन सक्नेछ । त्यसरी वन सम्पदा परम्परागत उपभोक्ताहरुको हक हितमा असर नपर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(३) मध्यवर्ती धार्मिक वनमा रहेका काठ, दाउरा सम्बन्धित धार्मिक स्थलको धार्मिक कार्यमा मात्र उपयोग गर्न सकिनेछ ।

तर वातावरणमा प्रतिकूल असर पर्ने गरी वा सार्वजनिक रुपमा हानी नोक्सानी हुने गरी वा जलाधार क्षेत्रमा भू–क्षय हुन सक्ने गरी रुख कटान गर्न पाईने छैन ।

(४) उप–नियम (२) बमोजिम सुम्पिएको मध्यवर्ती धार्मिक वनमा सम्बन्धित धार्मिक निकाय, समूह वा समुदायले उप–नियम (३) विपरीतको कार्य गरेमा वा मध्यवर्ती धार्मिक वनमा गर्नु पर्ने कार्य संचालन गर्न नसकेमा संरक्षकले त्यस्तो मध्यवर्ती धार्मिक वन फिर्ता लिने निर्णय गर्न सक्नेछ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

तर मध्यवर्ती धार्मिक वन फिर्ता लिने निर्णय गर्नु अघि सम्बन्धित धार्मिक निकाय समूह वा समुदायलाई स्पष्टीकरण पेश गर्न पन्ध्र दिनको म्याद दिनु पर्नेछ ।

(५) उप–नियम (४) बमोजिम संरक्षकले गरेको निर्णय उपर चित्त नबुझ्ने धार्मिक निकाय, समूह वा समुदायले त्यस्तो निर्णयको सूचना पाएको मितिले पैंतीस दिन भित्र महा–निर्देशक समक्ष उजूरी दिन सक्नेछ । त्यस्तो उजूरीमा महा–निर्देशकले गरेको निर्णय अन्तिम हुनेछ ।

२३. मध्यवर्ती निजी वन लगाउन सकिने: (१) मध्यवर्ती क्षेत्र भित्रको आफ्नो हक पुग्ने जग्गाका धनीले आफ्नो इच्छा अनुसार मध्यवर्ती निजी वनको विकास, संरक्षण, व्यवस्थापन गर्न तथा वन पैदावारको उपयोग गर्न सक्नेछ ।

(२) संरक्षकले मध्यवर्ती निजी वनको धनीलाई आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ।

(३) मध्यवर्ती निजी वनका वन पैदावारहरु मध्यवर्ती निजी वनको धनीले मध्यवर्ती क्षेत्रभित्र स्वतन्त्र रुपले ओसार पसार र विक्री वितरण गर्न पाउनेछ ।

(४) मध्यवर्ती निजी वनका वन पैदावारहरु मध्यवर्ती निजी वनको धनीले मध्यवर्ती क्षेत्र बाहिर ओसार पसार र विक्री वितरण गर्नु परेमा वन पैदावारको जात, किसिम र परिमाण खोली सम्बन्धित संरक्षक समक्ष निवेदन दिनु पर्नेछ ।

(५) उप–नियम (४) बमोजिमको निवेदन प्राप्त भएमा संरक्षकले आवश्यक जांचबुझ गर्दा गराउंदा, उक्त वन पैदावार मध्यवर्ती निजी वनको धनीको देखिन आएमा वन पैदावारको जात, किसिम र परिमाण खुलाई वातावरणीय असर नपर्ने किसिमले काठको हकमा टांचा लगाई संरक्षकले मध्यवर्ती क्षेत्र बाहिर ओसार पसार गर्ने पूर्जि दिनु पर्नेछ ।

(६) उप–नियम (५) बमोजिमको पूर्जि बाटोमा पर्ने वन चेक पोष्टमा दरपिठ गराई वन पैदावार ओसार पसार गर्नु पर्नेछ ।

२४. काठ, दाउरा उपलब्ध गराउन सकिने: (१) मध्यवर्ती क्षेत्र भित्र बगाई ल्याएको, किनारा लागेको, अड्केको वा डुबेको काठ दाउराहरु संरक्षक आफैले वा उपभोक्ता समिति मार्फत संकलन गराउन सक्नेछ ।

(२) मध्यवर्ती क्षेत्र भित्र कानूनी कारवाहीको सिलसिलामा बरामद भएको काठ, दाउरा संरक्षकले सुरक्षित साथ राख्ने व्यवस्था मिलाउनु पर्नेछ । त्यस्तो काठ, दाउरा उपभोक्ता समितिले व्यवस्थापन गरेको वनको रहेछ भने त्यस्तो काठ, दाउरा सम्बन्धित उपभोक्ता समितिलाई फिर्ता दिनु पर्नेछ ।

(३) उप–नियम (१) वा (२) बमोजिमका काठ र दाउराको विक्रीको लागि डिपो राख्न उपयुक्त हुने स्थानको निर्धारण र स्थानीय उपभोक्ताहरुलाई दिईने काठ, दाउराको अधिकतम परिमाणको निर्धारण संरक्षकले गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) उप–नियम (३) वमोजिमको काम गर्दा संरक्षकले सम्वन्धित उपभोक्ता समितिसंग समन्वय राखी गर्नु पर्नेछ ।

(५) स्थानीय उपभोक्तालाई काठ, दाउराको विक्री गर्दा सम्वन्धित उपभोक्ता समितिको सिफारिश तथा उप–नियम (३) वमोजिमको परिमाण र उप–नियम (६) वमोजिमको मूल्यको आधारमा डिपोले सम्वन्धित उपभोक्ताहरुलाई विक्री गर्नु पर्नेछ ।

(६) उप–नियम (५) वमोजिम विक्री गरिने काठ, दाउराको मूल्य निर्धारण गर्दा त्यस्तो काठ, दाउरा संकलन गर्दा लागेको खर्च समेत जोडी संरक्षकले प्रचलित वन सम्बन्धी कानूनले तोकेको काठ, दाउराको मूल्यको आधारमा मूल्य निर्धारण गर्नु पर्नेछ ।

(७) उप–नियम (५) वमोजिम विक्री गरिएको काठ, दाउराको उपयोग मध्यवर्ती क्षेत्र वाहिर गर्न पाईने छैन ।

(८) उप–नियम (५) वमोजिम विक्रीवाट प्राप्त गरिएको रकम मध्ये काठ, दाउरा संकलन गर्दा लागेको खर्च कटाई वांकी हुन आएको रकम राजश्व खातामा दाखिला गर्नु पर्नेछ ।

२५. <u>मध्यवर्ती क्षेत्र वन</u> : (१) नियम ४ वमोजिम मध्यवर्ती क्षेत्रको व्यवस्थापनको लागि संरक्षकले आवश्यक देखेकोमा कुनै इकाईलाई मध्यवर्ती क्षेत्र वनको रुपमा निर्धारण गर्न सक्नेछ ।

(२) उपनियम (१) वमोजिम मध्यवर्ती क्षेत्र वन निर्धारण गर्दा त्यस क्षेत्रको भू–संरक्षण, वन्यजन्तु, वनस्पति तथा वातावरण पक्षलाई समेत ध्यानमा राखेर गर्नु पर्नेछ ।

(३) यस नियम वमोजिम निर्धारण गरिएको मध्यवर्ती क्षेत्र भित्रको वनको संरक्षण, सम्वर्द्धन तथा व्यवस्थापन संरक्षकले गर्नु पर्नेछ ।

(४) मध्यवर्ती क्षेत्र वन भित्र प्राप्त हुने वन पैदावार मध्यवर्ती क्षेत्र भित्रको कुनै उपभोक्ता समितिले लिन चाहेमा सोही उपभोक्ता समितिलाई नियमानुसार लाग्ने दस्तूर लिई संरक्षकले विक्री वितरण गर्नु पर्नेछ । एक भन्दा वढी उपभोक्ता समितिले उक्त वन पैदावार लिन चाहेमा दामासाहीका हिसावले बिक्री वितरण गर्नु पर्नेछ ।

(५) कुनै पनि उपभोक्ता समितिले उक्त वन पैदावार लिन नचाहेको अवस्थामा संरक्षकले बोल कवोल प्रथाद्वारा विक्री वितरण गर्नु पर्नेछ ।

*परिच्छेद–७*

<u>सामुदायिक विकास</u>

२६. <u>सामुदायिक विकासको लागि खर्चको निर्धारण</u>:– (१) ऐनको दफा २५ क. बमोजिम राष्ट्रिय निकुन्ज, आरक्ष वा संरक्षण क्षेत्रले गरेको आम्दानीको रकम मध्ये स्थानीय जनताको सामुदायिक विकासको लागि खर्च गरिने रकमको प्रतिशत निर्धारण मन्त्रालयले गर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उप–नियम (१) बमोजिम मन्त्रालयले सामुदायिक विकासको लागि खर्च गरिने रकमको प्रतिशत निर्धारण गर्दा देहायका कुराहरुलाई आधार मानी गर्नेछ :–

(क) राष्ट्रिय निकुन्ज, आरक्ष वा संरक्षण क्षेत्रले गरेको वार्षिक आम्दानी,
(ख) मध्यवर्ती क्षेत्रको जनसंख्या र क्षेत्र,
(ग) मध्यवर्ती क्षेत्रको सामुदायिक विकासको स्थिति,
(घ) मध्यवर्ती क्षेत्र भित्र राष्ट्रिय निकुन्ज तथा आरक्षले पु–याएको असरको परिमाण,
(ङ) राष्ट्रिय निकुन्ज, आरक्ष वा संरक्षण क्षेत्रको संरक्षणमा स्थानीय जनताले पु–याएको योगदान,
(च) सामुदायिक विकासका लागि आवश्यक पर्न सक्ने स्थानीय श्रोत र साधनको उपलब्धता,
(छ) सामुदायिक विकासमा स्थानीय जनताको अभिरुची, सकृयता तथा सहभागिता ।

(३) मध्यवर्ती क्षेत्रको सामुदायिक विकासको लागि प्राप्त रकम मध्ये कुन इकाईलाई कति रकम वितरण गर्ने भन्ने कुराको निर्धारण गर्दा देहाय बमोजिमको समिति गठन हुनेछ:–

| | | |
|---|---|---|
| (क) | मध्यवर्ती क्षेत्र भित्रका उपभोक्ता समितिका अध्यक्षहरुले आफू मध्येबाट छानेको व्यक्ति | अध्यक्ष |
| (ख) | सम्बन्धित जिल्ला विकास समितिको प्रतिनिधि | सदस्य |
| (ग) | सम्बन्धित उपभोक्ता समितिका अध्यक्षहरु | सदस्य |
| (घ) | संरक्षक | सदस्य–सचिव |

(४) मध्यवर्ती क्षेत्र एक भन्दा बढी जिल्लामा पर्न गएमा उप–नियम (३) बमोजिमको समितिमा सम्बन्धित सबै जिल्ला विकास समितिका प्रतिनिधिहरु रहनेछन् ।

(५) उप–नियम (३) बमोजिमको समितिको बैठक अध्यक्षसंग परामर्श गरी आवश्यकतानुसार संरक्षकले बोलाउनेछ । बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(६) उप–नियम (३) बमोजिमको समितिले सामुदायिक विकासको लागि प्राप्त रकम वितरण गर्दा ऐनको दफा ३ ग. बमोजिम दिईनु पर्ने क्षतिपूर्तिको अनुमानित रकम छुट्याई बांकी हुन आएको रकमलाई देहायका आधारमा उपभोक्ता समितिहरुलाई वितरण गर्न छुट्याउनु पर्नेछ :–

(क) उपभोक्ता समितिको इलाका र जनसंख्या,
(ख) सामुदायिक विकासको माग र आवश्यकता,
(ग) राष्ट्रिय निकुन्ज वा आरक्षले सो क्षेत्रमा पु–याएको असर,
(घ) वन्यजन्तु, वन पैदावार तथा प्राकृतिक श्रोतको संरक्षण गर्न त्यस क्षेत्रका बासिन्दाले गरेको योगदान,
(ङ) सामुदायिक विकासमा स्थानीय जनताको अभिरुची, सकृयता तथा सहभागिता,
(च) कुनै खास इकाईमा सन्चालन हुने आयोजनाको लागत ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(७) उप-नियम (६) बमोजिम सामुदायिक विकासको लागि वितरण गरिने रकम चौमासिक रुपमा निकासा दिईनेछ ।

२७. <u>सामुदायिक विकास सम्बन्धी कार्यको सन्चालन:</u> (१) नियम २६ बमोजिम उपभोक्ता समितिलाई सामुदायिक विकासको लागि दिईने रकमबाट संचालन गर्न सकिने आयोजनाहरुको छनौट गरी उपभोक्ता समितिले उक्त आयोजनाहरुको लगत इष्टिमेट सहितको प्रस्ताव तयार गरी उपभोक्ताहरुको श्रमदानको अंश समेत उल्लेख गरी संरक्षक समक्ष पेश गर्नु पर्नेछ ।

(२) उप-नियम (१) वमोजिम लगत इष्टिमेट तयार गर्ने काममा संरक्षकले उपभोक्ता समितिलाई प्राविधिक सहयोग उपलव्ध गराई दिनु पर्नेछ । संरक्षकले प्राविधिक सहयोग उपलव्ध गराउन नसकी जिल्ला विकास समितिलाई अनुरोध गरेमा सम्वन्धित जिल्ला विकास समितिले उपभोक्ता समितिलाई त्यस्तो प्राविधिक सहयोग उपलव्ध गराई दिनु पर्नेछ ।

(३) उप-नियम (१) वमोजिम पेश भएको आयोजनाको प्रस्ताव सम्बन्धमा संरक्षकले आवश्यक जांचवुझ गरी उपयुक्तताको आधारमा त्यस्तो आयोजना सन्चालन गर्न स्वीकृति दिन सक्नेछ।

(४) उप-नियम (२) वमोजिम उपभोक्ता समितिले पेश गरेको लगत इष्टिमेट बमोजिमको रकम किस्तावन्दीको आधारमा संरक्षकले सम्वन्धित उपभोक्ता समितिलाई निकासा दिनु पर्नेछ ।

(५) आयोजना सम्पन्न भएपछि सम्वन्धित उपभोक्ता समितिले संरक्षक समक्ष उक्त आयोजनाको जांच पास गराई दिन अनुरोध गर्नु पर्नेछ र त्यस्तो अनुरोध भै आएमा संरक्षकले प्राविधिक सहयोग उपलव्ध गराई दिनु पर्नेछ । संरक्षकले प्राविधिक सहयोग उपलव्ध गराउन नसकी जिल्ला विकास समितिलाई अनुरोध गरेमा सम्वन्धित जिल्ला विकास समितिले त्यस्तो प्राविधिक सहयोग उपलव्ध गराई दिनु पर्नेछ ।

(६) उपभोक्ता समितिले सन्चालन गरेको आयोजनाको कार्य सम्पन्न भएपछि उपभोक्ता समितिले उक्त आयोजनाको हिसाव किताव र जांचपासको प्रतिवेदन संरक्षक समक्ष पेश गर्नु पर्नेछ । संरक्षकले उक्त हिसाव किताव र जांचपासको प्रतिवेदन दर्ता गरी सो को निस्सा उपभोक्ता समितिलाई दिनेछ ।

(७) संरक्षकले विल भरपाई र जांचपास प्रतिवेदन पेश भएपछि आवश्यकतानुसार स्थलगत निरीक्षण समेत गरी कार्य सम्पन्न भएको देखिएमा उपभोक्ता समितिले लिएको पेश्की फछर्यौट गरी दिनु पर्नेछ ।

(८) उप-नियम (१) वमोजिमको आयोजनाको लगत इष्टिमेट गर्दा र जांचपास गर्दा लागेको खर्च सम्बन्धित आयोजनाको खर्चमा समावेश गरिनेछ ।

२८. <u>दोहोरो नपर्ने गरी विकास आयोजना संचालन गर्नु पर्ने :</u> संरक्षकले नियम २७ वमोजिम सामुदायिक विकास सम्बन्धी कार्य गर्दा सो इकाईमा अन्य निकाय, संघ संस्था वा कार्यालयले सन्चालन गरिराखेको कुनै सामुदायिक विकास सम्बन्धी आयोजनामा दोहोरोपना नआउने गरी संचालन गर्नु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२९. प्राथमिकताको आधारमा आयोजनाको छनौट गर्नु पर्ने: उपभोक्ता समितिले आयोजनाको छनौट गर्दा स्थानीय जनताको आवश्यकता परिपूर्ति गर्ने र प्राकृतिक श्रोतको संरक्षण गर्ने किसिमका आयोजनालाई प्राथमिकता दिई छनौट गर्नु पर्नेछ ।

३०. स्थानीय उपभोक्ताहरुको दायित्व: नियम २६ बमोजिम सामुदायिक विकासको लागि प्राप्त रकमबाट आयोजना सन्चालन गरिएकोमा सो आयोजनाबाट लाभ पाउने स्थानीय उपभोक्ताहरुको दायित्व देहाय बमोजिम हुनेछ:–

(क) आयोजना सम्पन्न गर्न लाग्ने श्रमदान गर्ने,
(ख) आयोजनाको मर्मत सम्भार शुल्क बुझाउने,
(ग) आयोजना सम्पन्न गर्न, सन्चालन गर्न र आयोजनाको मर्मत सम्भार गर्न आवश्यक सहयोग गर्ने ।

*परिच्छेद–८*

रकम जम्मा गर्ने र क्षतिपूर्ति निर्धारण गर्ने तरिका

३१. धरौटी खातामा रकम जम्मा गर्ने: (१) राष्ट्रिय निकुन्ज, आरक्ष वा संरक्षण क्षेत्रले गरेको आम्दानीको रकम सम्बन्धित राष्ट्रिय निकुन्ज, आरक्ष वा संरक्षण क्षेत्रको कार्यालयको नाममा बैंकमा धरौटी खाता खोली जम्मा गर्नु पर्नेछ ।

(२) उप–नियम (१) बमोजिम धरौटी खातामा जम्मा गरेको रकम मध्ये मन्त्रालयले सामुदायिक विकासको लागि नियम २६ बमोजिम निर्धारण गरेको प्रतिशतको रकम चौमासिक रुपमा छुट्याई बांकी रकम राजश्व खातामा दाखिल गर्नु पर्नेछ ।

३२. क्षतिपूर्ति रकम निर्धारण गर्ने तरिका: (१) ऐनको दफा ३ ग. बमोजिमको क्षतिपूर्तिको रकम माग गर्ने बासिन्दाले क्षति भएको विवरण उल्लेख गरी सम्बन्धित उपभोक्ता समिति समक्ष निवेदन पेश गर्नु पर्नेछ ।

(२) उप–नियम (१) बमाजिमको निवेदन पर्न आएमा सम्बन्धित उपभोक्ता समितिले तत्सम्बन्धमा आवश्यक जाचबुझ गरी क्षतिको वास्तविक विवरण तथा निवेदकलाई सो बापत दिनु पर्ने क्षतिपूर्तिको रकम यकीन गरी सिफारिश गर्न सक्नेछ ।

(३) उप–नियम (२) बमोजिमको उपभोक्ता समितिको सिफारिश प्राप्त हुन आएमा नियम २६ को उप–नियम (३) बमोजिमको समितिले आवश्यक जांचबुझ गरी क्षतिपूर्ति दिनु पर्ने देखिन आएमा क्षतिपूर्तिको रकम निर्धारण गर्नु पर्नेछ ।

(४) उप–नियम (३) बमोजिम निर्धारण भएको क्षतिपूर्तिको रकम सम्बन्धित बासिन्दालाई दिनु पर्नेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

228

(५) उप-नियम (४) बमोजिम सम्बन्धित वासिन्दालाई क्षतीपूर्ति दिईसकेपछि त्यस्तो क्षतिपूर्ति दिइएको जग्गाको लगत कट्टा गर्न संरक्षकले सम्बन्धित मालपोत कार्यालयलाई लेखी पठाउनु पर्नेछ ।

परिच्छेद –९
विविध

३३. मध्यवर्ती क्षेत्र भित्र सन्चालन गरिने सेवाः(१) मन्त्रालयले मध्यवर्ती क्षेत्रभित्र ऐनको दफा ६ बमोजिमको कुनै सेवा वा सुविधा कसैवाट संचालन गराउन चाहेमा त्यस्तो सेवा वा सुविधा सम्बन्धी आवश्यक विवरण खोली त्यस्तो सेवा वा सुविधा के कस्तो शर्तमा सन्चालन गर्न सक्ने हो सो सबै कुरा खुलाई सिल्ड टेण्डर दिनको लागि कम्तीमा पैतीस दिनको म्याद तोकी प्रमुख पत्र पत्रिकामा सूचना प्रकाशित गर्नु पर्नेछ र त्यस्तो टेण्डरको सूचनामा टेण्डर पेश गर्नु पर्ने कार्यालय वा अधिकारी र टेण्डर खोलिने समय समेत तोक्नु पर्नेछ ।

(२) उप-नियम (१) बमोजिम म्यादभित्र पर्न आएका टेण्डरहरु रीतपूर्वक नभए वा संतोषप्रद नभएको भन्ने मन्त्रालयलाई लागेमा अर्को टेण्डर माग गर्नको लागि पून: सूचना प्रकाशन गर्न सक्नेछ ।

(३) उप-नियम (१) वा (२) बमोजिम पेश भएको टेण्डर मध्ये मन्त्रालयले सवैभन्दा बढी राजश्व (रोयल्टी) कबुल गर्ने र वातावरण संरक्षणको दृष्टिवाट उपयुक्त हुने टेण्डर स्वीकार गर्नु पर्नेछ ।

तर कुनै खास अवस्थामा मंत्रालयले कम्ती रोयल्टी कबुल गर्नेको टेण्डर पनि स्वीकार गर्न सक्नेछ र त्यस्तोमा टेण्डर स्वीकार गर्ने अधिकारीले सो गर्नु परेको कारण समेत जनाई राख्नु पर्नेछ।

(४) मध्यवर्ती क्षेत्र भित्र कुनै सेवा वा सुविधा सन्चालन गर्नको लागि बोलकबोल गर्ने व्यक्तिले त्यस्तो सेवा वा सुविधा सन्चालन गर्ने सम्बन्धमा कुनै किसिमको निर्माण कार्य गर्नु पर्दा त्यसको विस्तृत आयोजना तयार गरी मन्त्रालयवाट स्वीकृत गराउनु पर्नेछ ।

३४. भू-उपयोगिता प्रणाली लागू गर्ने: (१) नियम ५ बमोजिमको व्यवस्थापन कार्य योजनामा भू-उपयोगिता प्रणाली लागू गर्नु पर्ने भनी तोकिएको क्षेत्रका जग्गामा संरक्षकले सम्बन्धित उपभोक्ता समितिको सहमति लिई भू-उपयोगिता प्रणाली अपनाई कुनै बाली लगाउन वा फलफूल खेती गर्न वा रुख बिरुवा वा घांस लगाउन वा अन्य कुनै कार्य गराउन सक्नेछ ।

(२) उप-नियम (१) बमोजिम भू -उपयोगिता प्रणाली अपनाई कार्यहरु गर्ने जग्गाधनी वा मोहीलाई संरक्षकले प्राविधिक तथा अन्य सहयोग उपलब्ध गराउन सक्नेछ ।



५३५

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३५. शिकार गर्न पाईने: राष्ट्रिय निकुन्ज वा आरक्ष क्षेत्र भित्र वन्यजन्तुको संख्यामा अत्यधिक वृद्धि हुन गई मध्यवर्ती क्षेत्र भित्र त्यस्ता वन्यजन्तुको चाप वढेमा संरक्षित वन्यजन्तु वाहेकका अन्य वन्यजन्तु मध्यवर्ती क्षेत्र भित्र शिकार गर्न पाउने गरी विभागले तोकि दिएको कोटामा नवढ्ने गरी प्रचलित कानून वमोजिम विभागले शिकार खेल्ने अनुमति दिन सक्नेछ ।

३६. अनुसन्धान कार्य गर्न सकिने: (१) कसैले मध्यवर्ती क्षेत्र भित्र अनुसन्धान सम्वन्धी कुनै काम गर्न चाहेमा विभागको पूर्व स्वीकृति प्राप्त गरी गर्न सक्नेछ र त्यस्तोमा निजले गरेको अनुसन्धान प्रतिवेदनको एक प्रति विभाग समक्ष पेश गर्नु पर्नेछ।

तर विदेशी व्यक्ति वा संस्थाले त्यस्तो कार्य गर्न खोजेमा विभागले तोकेको दस्तूर लिई अनुसन्धान गर्ने स्वीकृति दिन सक्नेछ ।

(२) उप नियम (१) वमोजिम अनुसन्धान गर्न चाहने व्यक्तिलाई संरक्षक र उपभोक्ता समितिले आवश्यक सहयोग गर्नु पर्नेछ ।

३७. संरक्षकलाई सूचना दिनु पर्ने: उपभोक्ता समितिले आफ्नो क्षेत्र भित्र वसाई सरी आउने र आफ्नो क्षेत्रवाट वसाई सरी जाने उपभोक्ताहरुको लगतलाई अद्यावधिक वनाई सो को सूचना संरक्षकलाई दिनु पर्नेछ।

३८. संरक्षकलाई सहयोग गर्नु पर्ने: मध्यवर्ती क्षेत्रको व्यवस्थापन र संरक्षण गर्ने काममा संरक्षकलाई स्थानीय प्रशासन, प्रहरी, सरकारी वा गैरसरकारी निकाय, उपभोक्ता समिति तथा सम्वन्धित सवैले आवश्यक सहयोग गर्नु पर्नेछ ।

३९. अन्तरिम व्यवस्था:(१) मध्यवर्ती क्षेत्रको व्यवस्थापन योजना लागू नभएसम्मको लागि विभागको मार्ग दर्शनको अधिनमा रही संरक्षकले मध्यवर्ती क्षेत्रमा उपयुक्तताको आधारमा व्यवस्थापन गर्न सक्नेछ ।

(२) नियम १३ वमोजिम उपभोक्ता समितिको व्यवस्थापन कार्ययोजना लागू नभएसम्मको लागि सम्वन्धित उपभोक्ता समितिले संरक्षकले दिएको निर्देशन वमोजिम आफ्नो क्षेत्रको कार्य सन्चालन गर्नु पर्नेछ ।

४०. मुद्दा हेर्ने अधिकारी र पुनरावेदन: (१) ऐनको दफा ३ क. वमोजिम तोकिएको मध्यवर्ती क्षेत्रको व्यवस्थापन तथा संरक्षणसंग सम्वन्धित कसूर सम्वन्धी मुद्दाको कारवाही र किनारा गर्ने अधिकार संरक्षकलाई हुनेछ ।

(२) उपनियम (१) वमोजिम संरक्षकले गरेको निर्णय उपर चित्त नवुझ्ने पक्षले निर्णयको सूचना पाएको मितिले पैंतीस दिन भित्र पुनरावेदन अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

४१. निर्देशिका वनाउने: संरक्षकले मध्यवर्ती क्षेत्रको व्यवस्थापन, संरक्षण र विकासको लागि आवश्यक निर्देशिका तयार गरी मन्त्रालयवाट स्वीकृत गराई आफ्नो क्षेत्रमा लागू गर्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४२. <u>मध्यवर्ती क्षेत्रको परित्यागको परिणाम:</u>(१) ऐनको दफा ३ क. को उप–दफा (२) बमोजिम श्री ५ को सरकारले मध्यवर्ती क्षेत्रको परित्याग गरेमा मध्यवर्ती क्षेत्रका स्थानीय बासिन्दाहरुले ऐन बमोजिम पाउने सुविधा सहुलियत तथा सामुदायिक विकासको लागि प्राप्त हुने रकम त्यस्तो क्षेत्रमा प्रदान गरिने छैन ।

तर मध्यवर्ती क्षेत्रमा कार्य सन्चालन शुरु भएको आयोजना सम्पन्न गर्न लाग्ने रकम श्री ५ को सरकारले उपलब्ध गराई दिनु पर्नेछ ।

(२) मध्यवर्ती क्षेत्रको परित्याग गरिएमा त्यस्तो वन क्षेत्रमा प्रचलित वन सम्बन्धी कानून लागू हुनेछ ।

४३. <u>अनुसूचीमा हेरफेर वा थपघट गर्ने:</u> श्री ५ को सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी अनुसूचीमा आवश्यक हेरफेर वा थपघट गर्न सक्नेछ ।

४४. <u>बचाउ:</u> यो नियमावली प्रारम्भ हुनु भन्दा अगाडि प्रचलित कानून बमोजिम सामूदायिक वन, कबुलियत वन, धार्मिक वन आदिको रुपमा सुम्पीएको वन क्षेत्र मध्यवर्ती क्षेत्र भित्र पर्न गएमा सम्बन्धित व्यवस्थापन कार्ययोजनाको म्याद समाप्त नभएसम्म प्रचलित कानून बमोजिम नै हुने र सो को म्याद समाप्त भएपछि यस नियमावली बमोजिम मध्यवर्ती क्षेत्रको रुपमा काम कारवाही गरिनेछ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

*अनुसूची – १*
(नियम ९ को उप–नियम (१)संग सम्बन्धित)

उपभोक्ता समितिको दर्ताको लागि दिने निवेदनको ढांचा

श्री संरक्षकज्यू,
......................राष्ट्रिय निकुन्ज। आरक्ष कार्यालय
................................

राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ मा भएका व्यवस्था बमोजिम उपभोक्ता समितिको गठन गरी उक्त उपभोक्ता समितिको दर्ता गरी पाउन तपसिल बमोजिमको विवरण खुलाई यो निवेदन पेश गरेका छौं । उपभोक्ता समितिको दर्ता गरी सो को जानकारी पाउन अनुरोध गरेका छौ ।

तपसिल

(क) उपभोक्ता समितिको नाम:
(ख) चारकिल्ला:
(ग) अन्दाजी क्षेत्रफल:
(घ) घरधुरीको संख्या:
(ङ०) कूल जनसंख्या:

निवेदकहरु

..........................उपभोक्ता समितिका तर्फबाट:–

| सि.नं | नाम | दर्जा | दस्तखत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |

मिति:



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

*अनुसूची–२*

(नियम ९ को उपनियम (२)संग सम्वन्धित)

श्री ५ को सरकार

राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग

.........राष्ट्रिय निकुन्ज । आरक्ष कार्यालय

उपभोक्ता समिति दर्ताको प्रमाण–पत्र

दर्ता नं मिति:

श्री .............................उपभोक्ता समिति

....................................

राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ तथा मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ ले दिएको अधिकार प्रयोग गरी त्यस उपभोक्ता समितिलाई दर्ता गरी यो प्रमाण–पत्र दिईएको छ ।

उपभोक्ता समितिको विवरण:–

(क) नाम:

(ख) चारकिल्ला:

(ग) अन्दाजी क्षेत्रफल:

(घ) घरधुरीको संख्या:

(ङ०) कूल जनसंख्या:

*प्रमाण पत्र दिने अधिकृतको*

नाम:

दर्जा:

दस्तखत:

द्रष्टव्य:– यो प्रमाण पत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाण पत्र लिन पच्चीस रुपैया दस्तुर लाग्नेछ



मुद्रण विभाग सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–३
(नियम २१ को उपनियम (१) संग सम्बन्धित)

मध्यवर्ती सामुदायिक वन दर्ताको लागि दिईने निवेदन

श्री संरक्षकज्यू,
..................राष्ट्रिय निकुन्ज । आरक्ष कार्यालय
..................................
...........

राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को अधिनमा रही संलग्न कार्य योजना अनुसार मध्यवर्ती सामुदायिक वनको रुपमा संरक्षण, सम्वर्द्धन र सदुपयोग गर्न चाहेकोले देहायको वन क्षेत्र यस उपभोक्ता समितिलाई हस्तान्तरण गर्नु हुन यो निवेदन पेश गरेका छौ :

(क) प्रस्तावित मध्यवर्ती सामुदायिक वनको रुपमा व्यवस्थापन गर्न चाहेको वनको नाम र
ठेगाना:–
चार किल्ला:–
क्षेत्रफल:–

(ख) वन्यजन्तु छन् वा छैनन् ? छन् भने कुन–कुन जातका वन्यजन्तु छन्::

निवेदकहरु
उपभोक्ता समितिको तर्फबाट

| क.सं | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |

मिति:– ... ... ... ...



मुद्रण विभाग
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

# भाग ४

## श्री ५ को सरकार

## भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०५२।६।६ को निर्णयानुसार सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण तथा सदुपयोग गर्न काठमाडौं उपत्यकाभर लागू हुने गरी सरकारी तथा सार्वजनिक जग्गा संरक्षण तथा सदुपयोग सम्बन्धमा सिफारिस गर्न देहायबमोजिमको अध्यक्ष तथा सदस्यहरू भएको समिति गठन गरी समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम तोकेको छ ।

क. समितिको गठनः–

१. उप-निर्देशक, मालपोत विभाग – अध्यक्ष
२. प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, काठमाडौं – सदस्य
३. गाउँ विकास समिति वा महानगरपालिका वा उप-महानगरपालिका वा नगरपालिकामा प्रतिनिधित्व गर्ने सम्बन्धित वडाबाट निर्वाचित सदस्य – सदस्य
४. वन अधिकृत, जिल्ला वन कार्यालय, काठमाडौं – सदस्य
५. प्रमुख नापी अधिकृत, नापी गोश्वारा कार्यालय, काठमाडौं – सदस्य
६. भूमिसुधार अधिकारी, जिल्ला भूमिसुधार कार्यालय, काठमाडौं – सदस्य
७. प्रतिनिधि, भूमिसुधार तथा व्यवस्था मन्त्रालय – सदस्य
८. प्रतिनिधि, आवास तथा भौतिक योजना मन्त्रालय – सदस्य
९. प्रमुख मालपोत अधिकृत । मालपोत अधिकृत, सम्बन्धित मालपोत कार्यालय – सदस्य-सचिव

ख. समितिको काम, कर्तव्य र अधिकारः–

समितिले साना-तिना टुक्रा-टाक्री तथा घर पर्खाल भएका सरकारी जग्गाहरू वातावरण तथा स्थानीय समुदायलाई कुनै असर नपर्ने गरी प्रचलित मूल्य लिई सरोकारवाला व्यक्तिलाई प्राथमिकताक्रमका आधारमा बिक्री गर्न वा पट्टामा दिन वा मरकाउन वा बझ्याई दिन सम्बन्धित मालपोत कार्यालयका प्रमुख मालपोत अधिकृत वा मालपोत अधिकृतलाई सिफारिस गर्ने ।

आज्ञाले,
विष्णुप्रसाद खत्री
श्री ५ को सरकारको का.मु. सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

अनुसूची–५
(नियम २२ को उप–नियम (१)संग सम्बन्धित)

मध्यवर्ती धार्मिक वन दर्ताको लागि दिइने निवेदन

श्री संरक्षकज्यू,
..................राष्ट्रिय निकुन्ज। आरक्ष कार्यालय
.... ... ... ... ... ... ... ...।

राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को अधिनमा रही संलग्न कार्ययोजना अनुसार मध्यवर्ती धार्मिक वनको रुपमा संरक्षण, सम्बर्द्धन र सदुपयोग गर्न चाहेकोले देहायको मध्यवर्ती क्षेत्र वन यस धार्मिक निकाय । समूह । समूदायलाई हस्तान्तरण गर्न हुन यो निवेदन पेश गरेको छु ।

प्रस्तावित मध्यवर्ती धार्मिक वनको रुपमा व्यवस्थापन गर्न चाहेको मध्यवर्ती क्षेत्र वन:–

नाम:–
चार किल्ला:–
क्षेत्रफल:–

धार्मिक निकाय।समूह
समुदायको तर्फवाट:–
नाम:
दस्तखत:
पद:
मिति:



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची–६
(नियम २२ को उपनियम (२) संग सम्वन्धित)

मध्यवर्ती धार्मिक वन दर्ताको प्रमाण–पत्र

श्री ५ को सरकार
वन तथा भू–संरक्षण मन्त्रालय
राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण विभाग
........ राष्ट्रिय निकुन्ज। आरक्ष कार्यालय
............

श्री .......................
..........................
..........................।

त्यस निकाय । समूह । समुदायलाई राष्ट्रिय निकुन्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ र मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली, २०५२ को अधिनमा रही देहायको मध्यवर्ती क्षेत्र वन यसैसाथ संलग्न कार्ययोजना वमोजिम व्यवस्थापन गरी सदुपयोग गर्न मध्यवर्ती धार्मिक वनको रुपमा सुम्पिएको छ ।

मध्यवर्ती धार्मिक वनको विवरण

नाम:–
चार किल्ला:–
क्षेत्रफल:–

प्रमाण–पत्र दिने संरक्षकको

नाम, थर:–
दर्जा:–
दस्तखत:–
मिति:–

द्रष्टव्य:– यो प्रमाणपत्र हराएमा, च्यातिएमा, वा नासिएमा अर्को प्रमाणपत्र लिन पच्चीस रुपैया दस्तुर लाग्नेछ।

आज्ञाले,
**नारायणराज तिवारी**
**श्री ५ को सरकारको सचिव**


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
४८३

# भाग ४

## श्री ५ को सरकार

## भूमिसुधार तथा व्यवस्था मन्त्रालयको सूचना

श्री ५ को सरकारको मिति २०५२।६।६ को निर्णयानुसार सरकारी तथा सार्वजनिक जग्गाको संरक्षण तथा सदुपयोग गर्न काठमाडौं उपत्यकाभर लागू हुने गरी सरकारी तथा सार्वजनिक जग्गा संरक्षण तथा सदुपयोग सम्बन्धमा सिफारिस गर्न देहायबमोजिमको अध्यक्ष तथा सदस्यहरू भएको समिति गठन गरी समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम तोकेको छ।

क. समितिको गठनः–

१. उप-निर्देशक, मालपोत विभाग – अध्यक्ष
२. प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय, काठमाडौं – सदस्य
३. गाउँ विकास समिति वा महानगरपालिका वा उप-महानगरपालिका वा नगरपालिकामा प्रतिनिधित्व गर्ने सम्बन्धित वडाबाट निर्वाचित सदस्य – सदस्य
४. वन अधिकृत, जिल्ला वन कार्यालय, काठमाडौं – सदस्य
५. प्रमुख नापी अधिकृत, नापी गोश्वारा कार्यालय, काठमाडौं – सदस्य
६. भूमिसुधार अधिकारी, जिल्ला भूमिसुधार कार्यालय, काठमाडौं – सदस्य
७. प्रतिनिधि, भूमिसुधार तथा व्यवस्था मन्त्रालय – सदस्य
८. प्रतिनिधि, आवास तथा भौतिक योजना मन्त्रालय – सदस्य
९. प्रमुख मालपोत अधिकृत । मालपोत अधिकृत, सम्बन्धित मालपोत कार्यालय – सदस्य-सचिव

ख. समितिको काम, कर्तव्य र अधिकारः–

समितिले साना-तिना टुक्रा-टाक्री तथा घर पर्खाल भएका सरकारी जग्गाहरू वातावरण तथा स्थानीय समुदायलाई कुनै असर नपर्ने गरी प्रचलित मूल्य लिई सरोकारवाला व्यक्तिलाई प्राथमिकताक्रमका आधारमा बिक्री गर्न वा पट्टामा दिन वा भरकाउन वा बझ्याई दिन सम्बन्धित मालपोत कार्यालयका प्रमुख मालपोत अधिकृत वा मालपोत अधिकृतलाई सिफारिस गर्ने ।

आज्ञाले,
विष्णुप्रसाद खत्री
श्री ५ को सरकारको का.मु. सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरेपछि मात्र लागु हुनेछ।

२४४